कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय
सल्यान, नेपाल

प.सं.-
च.नः-

## छात्रवृत्तिका लागि आवेदन पेस गर्ने सम्बन्धी सूचना ।
## (प्रथम पटक प्रकाशित मिति २०८२।०९।२२)

उपरोक्त सम्बन्धमा यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार सल्यान जिल्लाको लागि तपसिल बमोजिमका छात्रवृत्ति वितरण गरिने भएकाले उल्लिखित छात्रवृत्ति प्राप्त गर्न सल्यान जिल्लामा स्थायी बसोबास भई देश भरका मान्यता प्राप्त शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीहरुले यस कार्यालयको वेवसाइट www.sdosalyan.gov.np मा राखिएको छात्रवृत्ति आवेदन फाराम भरी आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस कार्यालयमा आवेदन पेस गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । रीत नपुगेको वा म्याद नाघी आएको आवेदनमाथि कुनै कार्यवाही नहुने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | छात्रवृत्तिको नाम | छात्रवृत्ति प्रदान गरिने बिषय र तह | कोटा (जना) | दर रकम | आवेदन फाराम साथ बुझाउनु पर्ने कागजातहरु |
|---|---|---|---|---|---|
| १. | प्राविधिक छोरी बुहारी छात्रवृत्ति | प्राविधिक विषय/ प्रमाणपत्र तह वा सो सरह<br>क. स्वास्थ्य<br>ख. कृषि<br>ग. पशुविज्ञान<br>घ. वनविज्ञान<br>ङ. इन्जिनियरिङ<br>च. सूचना प्रविधि | २० | ५० हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।नागरिकता प्राप्त गर्न उमेर नपुगेको विद्यार्थीको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>२. बुहारीको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि,<br>३. सम्बन्धित स्थानीय तहबाट गरिएको स्थायी ठेगाना प्रमाणित कागजात,<br>४. मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.इ.इ./एस.एल.सी. परीक्षा उत्तीर्ण प्रमाणपत्र,<br>५. नियमित रुपमा अध्ययनरत रहेको र शिक्षण शुल्क बुझाएको तथा अन्य कुनै निकायबाट छात्रवृत्ति वा निःशुल्क वृत्ति नपाएको बेहोराको अध्ययनरत शैक्षिक संस्थाको सिफारिस<br>६. अपाङ्गताको हकमा अपाङ्गताको परिचयपत्र<br>७. सीमान्तकृत तथा लोपोन्मुखको हकमा स्थानीय तहको सिफारिस<br>८. बाबु आमा नभएको, एकल महिलाको हकमा मृतकको मृत्युदर्ता प्रमाणपत्र<br>९. दलित, द्वन्द्वपीडित एकल महिलाको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको सिफारिस |

कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
शिक्षा विकास निर्देशनालय
# सामाजिक विकास कार्यालय
सल्यान, नेपाल

| क.सं. | छात्रवृत्तिको नाम | छात्रवृत्ति प्रदान गरिने बिषय र तह | कोटा (जना) | दर रकम | आवेदन फाराम साथ बुझाउनु पर्ने कागजातहरु |
|---|---|---|---|---|---|
| २. | उच्च शिक्षा अपाङ्ग छात्रवृत्ति | सबै विषय/स्नातक वा स्तातकोत्तर | १० | २४ हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>२. सम्बन्धित निकायबाट जारी भएको अपाङ्गता परचियपत्रको प्रतिलिपि,<br>३. सम्बन्धित स्थानीय तहबाट गरिएको स्थायी ठेगाना प्रमाणित कागजात,<br>४. मान्यता प्राप्त शिक्षण संस्थामा नियमित रुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको भनि अध्ययनरत शैक्षिक संस्थाको सिफारिस,<br>५. अध्ययनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्र |
| ३. | उच्च शिक्षा दलित छात्रवृत्ति | सबै विषय/स्नातक वा स्तातकोत्तर | १० | २४ हजार | १. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,<br>२. सम्बन्धित जिल्ला प्रशासन कार्यालयको दलित प्रमाणित कागजात,<br>३. सम्बन्धित स्थानीय तहबाट गरिएको स्थायी ठेगाना प्रमाणित कागजात,<br>४. मान्यता प्राप्त शिक्षण संस्थामा नियमित रुपमा अध्ययनरत रहेको र अन्य कुनै निकायबाट छात्रवृत्ति नपाएको भनि अध्ययनरत शैक्षिक संस्थाको सिफारिस,<br>५. अध्ययनरत तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्र |

पुनश्च : छात्रवृत्ति वितरणका आधारहरु एकीकृत छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८१ मा उल्लेख भए अनुसार हुनेछ । यस सम्बन्धी थप जानकारीका लागि यस कार्यालयमा वा मोबाइल नं. ९८४८२२८७६३ र ९८४३६९९५५३ मा सम्पर्क राख्न सकिनेछ ।

२०८१।३।२२

...प्रसाद अधिकारी
...जिक विकास अधिकृत